# <u>COVID-19 को सन्दर्भमा व्यक्तिगत सुरक्षा सामग्री (पी.पी. इ.) को प्रयोग सम्बन्धी निर्देशिका</u>

**(नेपाल चिकित्सा परिषद र नेपाल सरकारका विज्ञद्धारा WHO को मापदंडमा आधारित)**

**क) छिटा वा मसिना कणका रुपमा तरल पदार्थ निस्कने खालको उपचारत्मक प्रकृया गर्दा (Aerosol generating procedures):** दाँत सम्बन्धी उपचारात्मक प्रकृया, bronchoscopy, Upper GI endoscopy, नाक,कान, घाँटी सम्बन्धी उपचारात्मक प्रकृया, Nebulization, Intubation, CPR, Non-invasive ventilation, Endotracheal suctioning, Nasopharyngeal and Oropharyngeal swab COVID-19 **को शंकास्पद वा पोजिटिभ केसबाट लिनुपर्दा संलग्न स्वास्थ्यकर्मीले निम्न प्रकारका व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ.) को प्रयोग गर्नुपर्दछ**:

**वर्ग १ (Category I): व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ.)**

- मास्क : एन ९५
- चश्मा वा भाइजर
- पञ्जा : उपयुक्त खुकुलो किसिमको
- गाउन : पानी नछिर्ने वा स्तरीय डिस्पोजेवल
- टोपी : एक पटक मात्र प्रयोग गर्न मिल्ने सामान्य

**ख) शंकास्पद वा पोजिटिभ केसको लागि छिटा वा मसिना कणका रुपमा तरल पदार्थ ननिस्कने खालको उपचारत्मक प्रकृया (For Non aerosol generating COVID-19 suspected or confirmed patients) : मा संल्गन स्वास्थ्यकर्मीले निम्न प्रकारका व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ.)को प्रयोग गर्नुपर्दछ** :

**वर्ग २ (Category II) : व्यक्तिगत सुरक्षा सामग्री (पी.पी .इ.)**

- मास्क : सर्जिकल मास्क (मास्को माथिल्लो भागलाई टेपले बन्द गर्ने)
- चश्मा वा भाइजर
- पञ्जा : उपयुक्त खुकुलो किसिमको
- गाउन : पानी नछिर्ने वा स्तरीय डिस्पोजेवल
- टोपी : एक पटक मात्र प्रयोग गर्न मिल्ने सामान्य

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेकु, काठमाडौं
२०५०

**ग) Fever / screening clinic हरुमा जाचँ गर्न संल्गन चिकित्सकहरुले निम्न बमोजिमका व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ.) को प्रयोग गर्नुपर्दछ :**

**वर्ग २ (Category II) : व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ.)**

- मास्क : सर्जिकल मास्क (मास्को माथिल्लो भागलाई टेपले बन्द गर्ने)
- चश्मा वा भाइजर
- पञ्जा : उपयुक्त खुकुलो किसिमको
- गाउन : पानी नछिर्ने वा स्तरीय डिस्पोजेवल
- टोपी : एक पटक मात्र प्रयोग गर्न मिल्ने सामान्य

*नोटः प्रारम्भिक स्क्रीनिङ्गमा खटिएका प्रत्यक्ष सम्पर्कमा नआउने कर्मचारीले कम्तिमा एक मिटर दुरी कायम गर्ने , व्यक्तिगत सुरक्षा सामग्री (पी.पी .इ) को आवश्यक पर्दैन । यदि सधैं एक मिटर दुरी कायम गर्न नसक्ने अवस्थामा सर्जिकल मास्क प्रयोग गर्ने ।*

घ) संरक्षण वा सुरक्षाको लागि खटिएका व्यक्ति **वा चालकको लागि निम्न प्रकारका व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ.) को प्रयोग गर्नुपर्दछः**

**वर्ग ३ (Category III) : व्यक्तिगत सुरक्षा सामग्री (पी. पी .इ.)**

- सर्जिकल मास्क
- पञ्जा
- गाउन (यदि संक्रमित व्यक्तिलाई छुन परेमा )

*नोटः बिरामीसंग कम्तिमा ३ देखि ६ फिट को दुरी कायम गर्ने, बेला बेलामा साबुन पानीले २० देखि ३० सेकेण्ड सम्म हात धुने/इथाइल अल्कोहल मिसिएको स्यानिटाइजरले हात सफा गर्ने ।*

**ङ) प्रयोगशालामा खटिएका कर्मचारीले जोखिमको आधारमा निम्न प्रकारका व्यक्तिगत सुरक्षा सामग्री (पी. पी .इ.)को प्रयोग गर्नुपर्दछः**

**वर्ग २ वा ३ (Category II or III): व्यक्तिगत सुरक्षा सामग्री (पी. पी .इ.)**

- सर्जिकल मास्क
- गाउन
- खुकुलो पञ्जा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेकु, काठमाडौं
२०५०

- चश्मा वा भाइजर (छिटा वा मसिना कण जस्ता  तरल पदार्थको जोखिम भएमा)

**च) COVID-19 को  बिरामीसंग *प्रत्यक्ष सम्पर्कमा नआउने*  वा अन्य क्षेत्र जस्तै वार्ड, कोरिडोरमा कार्यरत स्वास्थ्यकर्मी लगायत सम्पुर्ण कर्मचारीहरुले  व्यक्तिगत सुरक्षा सामग्री (पी. पी .इ.) को प्रयोग गर्नुपर्दैन ।**

सबैजनाले **गर्नुपर्ने**

- संक्रमित वा विरामीलाई भेट गर्दा कम्तिमा ३ देखि ६ फिट दुरी कायम गर्ने (बिरामीलाई छुनु नपरेको अवस्थामा )
- व्यक्तिगत सुरक्षा सामग्री (पी.पी .इ.) को प्रयोगपछि र विरामीलाई जाँच गर्नु अघि र पछि हातको सरसफाई अनिवार्य गर्ने
- ओ.पि.डि. वा वार्डमा रहेका विरामीको बेड वा फर्निचरलाई *0.5% chlorine* झोल (*virex)* वा त्यस्तै अन्य संक्रमण निवारक पदार्थ बाट वनेको घोलले अनिवार्य सफाई गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेकु, काठमाडौं
२०५०